विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०६/२२ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | चाडपर्वहरूको शुभकामना आदान-प्रदान सम्बन्धमा। | नेपालीहरूको चाड दशैं, तिहार तथा छठ पर्व २०८१ एवम् नेपाल सम्वत् ११४५ को उपलक्ष्यमा शुभकामना आदान-प्रदान गरियो। उक्त चाडपर्वहरूको पावन अवसरमा सम्पूर्ण नगरवासीहरूमा सुस्वास्थ्य, सुख, शान्ति तथा समृद्धिको शुभकामना प्रदान गर्ने निर्णय गरियो। |
| २ | विविध। | (क) नगर सभाको चौधौं अधिवेशनको मिति २०८१/०३/१० मा बसेको बैठकको निर्णय नं.२७(च) बमोजिम २०८१ साउनदेखि २०८२ असार मसान्तसम्मका लागि फोहोरमैला व्यवस्थापन शाखाका शाखा प्रमुख श्री पुनम कुमार दाहाललाई मासिक शुरु तलबमानको ५० प्रतिशत र उक्त शाखामा कार्यरत कर्मचारी सहायक चौथो श्री किरण न्यौपानेलाई मासिक शुरु तलबमानको ४० प्रतिशत एवम् कार्यालयको विद्युत आपूर्तिसम्बन्धी कार्यमा खटिने कर्मचारी वि.हे. श्री लिलाप्रसाद घिमिरेलाई मासिक तलबमानको ४० प्रतिशत मासिक रुपमा अतिरिक्त भत्ता उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) विराटनगर यातायात व्यवस्थापन कार्यविधि, २०८० को पहिलो संशोधन, २०८१ सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(ग) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०२/२५ मा बसेको बैठक (बैठक संख्या १६, २०७९/०८०) को निर्णयानुसार विराटनगर महानगरपालिका वडा नं. ६ मा खानेपानी फिल्टर ट्रिटमेन्ट प्लान्ट निर्माणका लागि नेपाल खानेपानी संस्थानलाई सहमति प्रदान गरिएको जग्गाको ग्रिड सिट नं. १७८-०७४३-०१ को कि.नं. १३६, १३७ को जग्गा मध्येबाट ०-०-१५-० (बिघा) जग्गा हुनुपर्नेमा अन्यथा हुन गएकोले उल्लिखित बमोजिमको जग्गामा प्लान्ट निर्माण गर्न सहमति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(घ) विराटनगर महानगरपालिका वडा नं. ५/६ स्थित बि.एफएमदेखि शान्ति चोक केशलिया रोड जाने बाटोमा नाला र सडक स्तरोन्नति योजनाको बोलपत्र मार्फत निर्माण कार्य भइरहेकोमा काम गर्दै जाँदा स्वीकृत लागत अनुमानभन्दा थप कार्य गर्नुपर्ने भएको एवम् साइटको अवस्थाका कारण निर्माण आइटमहरूको प्रकृति र परिमाणमा समेत संशोधन गर्नुपर्ने भएको भन्ने प्राविधिकहरूबाट पुष्ट्याईं भएकोले शुरु सम्झौता रकमको २४.३४% (चौबीस दशमलब तीन चार प्रतिशत) बराबरको थप रकमको भेरिएसन आदेश जारी गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, उल्लिखित कार्यको लागि आगामी नगर सभाबाट अनुमोदन हुनेगरी वडा नं. ६ स्थित शैलेश मन्दिरदेखि बिएफएम रोडसम्म सडक निर्माण शीर्षक (पाना नं. १७४/ सि.नं. ७७) मा विनियोजित रु.५०,००,०००।- बाट र बाँकि अपुग रकम मर्मत सम्भार शीर्षक (पाना नं. ७१/सि.नं. ३४३) बाट बजेट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ङ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावहरूको विषयमा छलफल गरियो र उक्त सुझावहरू कार्यान्वयन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(च) गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनका सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश